नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३२०

मितिः २०८२/१२/१७

नेपाल संवत् ११४६

विषयः विवरण उपलब्ध गराइदिने सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बजेट तथा कार्यक्रम शाखाको प.सं. २०८२/०८३, च.नं. यो.ब.का/५१८, मिति २०८२/१२/१७ को विवरण उपलब्ध गराइदिने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**नोटः माग भए बमोजिमको विवरण कृषि तथा पशुपन्छी विकास मन्त्रालयको इमेल ठेगाना (local.moald@gmail.com) मा उपलब्ध गराईदिनुहुन।**

१२/१६

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

बजेट तथा कार्यक्रम शाखा

सिंहदरबार, काठमाण्डौं

प.सं. :- ०८२/८३

च.नं. :- यो.ब.का./५१८

मिति :- वि.सं. २०८२/१२/१७

ने.स. :- ११४६ चौलाथ्व. १३ मंगलवार

विषयः विवरण उपलब्ध गराइदिने सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमांडौ

स्थानीय तह समन्वय शाखा

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचिको बुँदा नं. ९० (ख) मा समावेश भएको प्रत्येक पालिकामा साप्ताहिक कृषि हाटबजार सञ्चालन गर्न स्थानीय तहलाई सहजीकरण गर्ने विषय कार्यान्वयन सम्बन्धमा नेपालको ग्रामीण कृषि मूल्य श्रृङ्खला तथा बजार प्रणालीको प्रमुख अङ्गका रुपमा रहेको कृषि हाटबजारलाई साप्ताहिक रुपमा नियमित सञ्चालन हुने आवश्यक व्यवस्थाका लागि अनुरोध छ। साथै स्थानीय तहमा रहेका कृषि हाटबजार पूर्वाधारको हालको अवस्था, थप पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता एवम् सम्भाव्यता सम्बन्धमा तपसिल अनुसारको विवरण ५ दिनभित्र (मिति २०८२, चैत्र २१ गते भित्र)सम्बन्धित स्थानीय तहको कार्यपालिका बैठकको निर्णय सहित यस मन्त्रालयको ईमेल ठेगानामा (local.moald@gmail.com) उपलब्ध गराइदिने विषयमा सबै स्थानीय तहहरूमा आवश्यक परिपत्र गरिदिनुहुनका लागि मिति २०८२/१२/१६ को निर्णयानुसार (सचिवस्तर) अनुरोध छ।

तपसिल

स्थानीय तहको नामः

स्थानीय तह अवस्थित जिल्ला/प्रदेश :

| क्र.स. | विवरण | |
|---|---|---|
| १. | हाल स्थानीय तहमा रहेका कृषि हाट बजारको सङ्ख्या | |
| २. | कृषि हाटबजार सञ्चालन हुने दिन/बार | |
| ३. | हालको कृषि हाटबजारमा पूर्वाधारको अवस्था (स्टलसङ्ख्या र अन्य पूर्वाधारको अवस्था) | |
| ४. | नँया कृषि हाटबजार सञ्चालन गर्न आवश्यक भएमा के-कति वटा कृषि हाट बजार निर्माण/ सञ्चालन आवश्यक रहेको | |
| ५. | कृषि हाटबजार निर्माणका लागि जग्गा उपलब्धता भए/नभएको र उपलब्ध हुने जग्गाको स्वामित्व/लालपुर्जाको अवस्था | |
| ६. | कृषि हाटबजार निर्माण गर्नका लागि जग्गा उपलब्ध भएमा उपलब्ध हुने जग्गाको क्षेत्रफल (कठ्ठा/रोपनी) | |
| ७. | कृषि हाटबजार स्थापना हुने स्थलमा विधुत, सडक/यातायात लगायतको आधारभुत सेवा सुविधाको अवस्था रहे/नरहेको | |
| ८. | कृषि हाटबजार पूर्वाधार निर्माणका लागि आवश्यक अनुमानित कुल लागत रकम रू. | |
| ९. | कृषि हाटबजार निर्माणका लागि आवश्यक कुल लागतमा स्थानीय तहबाट ५० प्रतिशत लागत साझेदारी हुने सुनिश्चितता रहे/नरहेको | |

...........................

(डा. सुहेल के.सी.)

पशु चिकित्सक